प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश

प्रदेश प्रशासन सेवा, प्रशासन/लेखा समूह, चौथो तह, प्रशासन/लेखा सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८३/०६/११ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **समय:** २ घण्टा ३० मिनेट

विषय: कार्य ज्ञान सम्बन्धी

निम्न प्रश्नहरुको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (Section-A)

1. आचरणलाई परिभाषित गर्दै प्रदेश निजामती सेवाका कर्मचारीले पालना गर्नुपर्ने आचरण बुँदागत रुपमा लेख्नुहोस् । (२+३=५)
2. विकास योजना भनेको के हो ? स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरको विकासका लागि योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयको सूची तयार गर्नुहोस् । (२+३=५)
3. राष्ट्रिय परिचय पत्र (National Identity Card) को परिचय दिँदै यसको प्रयोगबाट नागरिक सेवामा कस्तो सहजीकरण हुने यहाँलाई लाग्छ ? उल्लेख गर्नुहोस् । (२+३=५)
4. विद्युतीय शासन (E-Governance) भन्नाले के बुझिन्छ ? नेपालमा विद्युतीय शासन प्रणालीको सबल र कमजोर पक्षहरुको चर्चा गर्नुहोस् । (४+३+३=१०)
5. सार्वजनिक सेवा प्रवाहमा नागरिक असन्तुष्टि किन बढिरहेको छ ? सोको कारणहरु उल्लेख गर्दै तपाईको विचारमा सार्वजनिक सेवा प्रवाह नागरिक अपेक्षा अनुरुप बनाउन अपनाउनु पर्ने उपायहरुको वर्णन गर्नुहोस् । (४+६=१०)

खण्ड-ख (Section-B)

6. PLMBIS को पूरा रुप के हो ? यो प्रणाली के को लागि प्रयोग हुन्छ ? बजेट खर्चमा यसको महत्व के छ ? लेख्नुहोस् । (१+१+३=५)
7. नेपालमा प्रयोगमा ल्याईएको सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) का विशेषता बारे चर्चा गर्नुहोस् । (५)
8. अन्तिम लेखापरीक्षणको उद्देश्य स्पष्ट गर्दै महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण गर्ने विषयहरुको सूची तयार पार्नुहोस् । (२+३=५)
9. आन्तरिक नियन्त्रण प्रणालीका उद्देश्यहरु उल्लेख गर्दै सरकारी कार्यालयहरुले आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा समेट्नु पर्ने तत्वहरुको वर्णन गर्नुहोस् । (३+७=१०)
10. सार्वजनिक खरीदको महत्व लेख्नुहोस् । सार्वजनिक खरीदका विधिहरु छोटकरीमा उल्लेख गर्नुहोस् । (४+६=१०)

MIRAS ACADEMY
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

खण्ड-ग (Section-C)

11. निःशुल्क कानुनी सहायता भनेको के हो ? लेख्नुहोस् । (५)
12. राजपत्र भनेको के हो ? राजपत्र प्रकाशन गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन् ? उल्लेख गर्नुहोस् । (२+३=५)
13. कानुन भन्नाले के बुझिन्छ ? सभ्य समाजको स्थापनामा कानुनको भूमिका उल्लेख गर्दै कानुनका स्रोतहरुको बारेमा वर्णन गर्नुहोस् । (३+४+३=१०)
14. अभियोग पत्र भनेको के हो ? साथै मुलुकी अपराध संहिता, २०७४ का मुख्य विशेषताहरु उल्लेख गर्नुहोस् । (३+७=१०)

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान्न तयारी
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)